# पाठ ५

# समुदायमा निर्माण गर्नु

दुइ जना मानिसहरूले एउटा खाड़ल खन्दै थिए। तेस्रो मानिस त्यहाँ आएर एउटा प्रश्न सोधेः

"हजूर, तपाईंले त्यो साबेलले के गर्दै हुनुहुन्छ?"

"ए, म ता यो खाड़ल खन्दैछु।"

"अनि *तपाईं*चाहिँ के गर्दैहुनुहुन्छ, हजूर?"

"ए म ता सुन्दर स्कूल बनाउँदैछु।"

के तपाईं प्रत्येक मानिसको हेराइ वा प्रवृत्तिमा फरक देख्न सक्नुहुन्छ? एउटा मानिसले आफ्नो कामलाई मेहनती कार्यको रूपमा हेरेको थियो। त्यस घड़ी आफूले गरिराखेको कामभन्दा टाढ़ा उसले हेर्न सकेन। तर अर्को मानिसले चाहिँ टाढ़ासम्म हेरेको थियो। त्यस ठाउँमा खड़ा हुने सुन्दर स्कूललाई उसले देखेको थियो।

तपाईं पहिलो मानिसजस्तो वा दोस्रो मानिसजस्तो हुनुहुन्छ? तपाईं सुन्दर भवन देख्नुहुन्छ कि खनिराखेको माटो देख्नुहुन्छ? हामीले निर्माण गर्नुपर्ने जग र त्यस जगमा कसरी बनाउनुपर्छ सो कुरा हामी यस पाठमा विचार गर्नेछौं। हाम्रो समुदायमा हामी निर्माणकर्ताहरू बनौं।



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

ठीक जगमा निर्माण गर्नु
एकैसाथ निर्माण गर्नु
पुलहरू निर्माण गर्नु

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- तपाईंले जुन जगमाथि निर्माण गर्नुभएको छ, त्यसलाई बुझ्न।
- अरू विश्वासीहरूसँग निर्माण गर्ने महत्त्वपूर्णतालाई व्याख्या गर्न।
- "पुलहरू" निर्माण गर्ने र "पर्खालहरू" निर्माण गर्ने कुराहरूका बीचको भिन्नतालाई वर्णन गर्न।

## ठीक जगमा निर्माण गर्नु

उद्देश्य १ *तपाईंको जीवन निर्माण गर्ने ठीक जगलाई वर्णन गर्नुहोस्।*

तपाईंको ख्रीष्टियान जीवन भवनजस्तै छ। प्रत्येक ठूलो भवनको मुनि गहिरो जग हुनैपर्छ। ढुङ्गाहरू वा सिमेन्टद्वारा जग बनाइएको हुन्छ। तिनीहरूले पूरै भवनलाई थामिराख्छन्। यदि जग बलियो भएन भने भवन ढल्छ। ख्रीष्टियान जीवनमा पनि यही कुरा सत्य छ। समुदायको तपाईंको आत्मा बलियो चट्टान, येशू ख्रीष्टमा अड़िएको छ। उहाँ तपाईंको जग हुनुहुन्छ। "किनकि जुन जग बसालिएको छ, जो येशू ख्रीष्ट हुनुहुन्छ, त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन" (१ कोरिन्थी ३:११)।

आत्मिक वृद्धिको निम्ति बाइबलिय जग आवश्यक छ। मत्ती ७:२४-२७-मा येशूले दुइ जना घर बनाउनेहरूको कथा हामीलाई भन्नुभएको छ। एक जनाले चट्टानमाथि आफ्नो घर बनायो। यसको अर्थचाहिँ उसको घरको जग बलियो र पक्का थियो। अर्को मानिसले चाहिँ ठीक जग नखनीकनै आफ्नो घर बालुवामाथि बनायो। हूरी-बतास चल्यो र भेल आयो। बालुवामाथि बनाइएको घर ढल्यो। चट्टानमाथि बनाइएको घरचाहिँ स्थिर नै रह्यो।

यस कथामा येशूले भन्नुभयो कि चट्टानमाथि घर बनाउने बुद्धिमान् मानिसचाहिँ ख्रीष्टको वचनलाई पालन गर्ने मानिसजस्तै हो। उसले निर्माण गर्ने चट्टानचाहिँ ख्रीष्टका शिक्षाहरूको आज्ञापालन हो। उसले जुन बालुवामाथि निर्माण गर्छ, त्योचाहिँ ख्रीष्टका शिक्षाहरूको अनाज्ञाकारिता हो।



हामी ख्रीष्टमा विश्वास गर्छौं *भन्नु* एउटा कुरा हो, र उहाँको वचनको आज्ञाकारितामा हिँड्नुचाहिँ अनि भिन्दै कुरा हो। येशूले भन्नुभयो, "मलाई प्रभु, प्रभु, भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। तर स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ" (मत्ती ७:२१)।

हूरी-बतास आउँदा तपाईंलाई समर्थन गर्नका लागि तपाईंको जीवनमा तपाईंलाई बलियो जगको आवश्यकता पर्छ। हूरी-बतासहरू भिन्नाभिन्नै किसिमले आउँछन्: प्रेमी व्यक्तिको मृत्यु, रोग-बिमार, धन-सम्पत्तिको नोक्सानी वा परीक्षाद्वारा। जब हामीले परमेश्वरप्रतिको आज्ञाकारितामा जगको निर्माण गरेका हुन्छौं, हामीमा शुद्ध विवेक हुन्छ र हूरी-बतासको समयमा उहाँले हामीलाई सहायता गर्नुहुनेछ भन्ने निश्चयता पनि हामीमा हुन्छ। १ यूहन्ना ३:२१-२२-मा हामी यी शब्दहरू पढ्छौं:

> प्रिय हो, हाम्रो हृदयले हामीलाई दोष दिएन भने परमेश्वरको सामुन्ने हामीलाई साहस हुन्छ। हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं, किनभने हामी उहाँका आज्ञा पालन गर्छौं, र उहाँलाई मन पर्ने कामहरू गर्छौं।

प्रभु र उहाँको वचनमा भएको हाम्रो विश्वास र हाम्रो जगले हामीलाई कठिन समयहरूमा सुरक्षित राख्न सक्छ। के उहाँ तपाईंको जग हुनुहुन्छ? के तपाईं उहाँको वचनमा आज्ञाकारी हुनुहुन्छ?

**तपाईंको अभ्यासको निम्ति**

१ सबैभन्दा उत्तम शब्द वा शब्दहरू राखी तलका वाक्यहरूलाई पूरा गर्नुहोस्ः

**क.** यदि त्यहाँ बलियो ......................................... भएन भने भवन ढल्नेछ।

**ख.** जस-जसले चट्टानमाथि निर्माण गर्छन्, तिनीहरूले ख्रीष्टका शिक्षाहरूको ......................................... गरेका हुन्छन्।

**ग.** बालुवामाथि बनाइएको घर हूरी-बतासको समयमा .........................................................।

**घ.** हामीले हाम्रो जीवनको निर्माण गर्नुपर्ने जग ............. ............................................... हुनुहुन्छ।

२ तपाईंले ख्रीष्टलाई आफ्ना मुक्तिदाताको रूपमा ग्रहण गर्नुभएको समयलाई विचार गर्नुहोस्। के तपाईं ख्रीष्टप्रतिको आज्ञाकारितामा हिँड्नुभएको जस्तो तपाईंलाई लाग्छ? ........ ...........................................................................

यदि माथिको प्रश्नमा तपाईंको उत्तरचाहिँ हो, म हिँड़िको छु भन्ने छ भने तपाईं बलियो जगमा अडिनुभएको छ। यो छैन भन्ने उत्तर छ भने उहाँको आज्ञापालन गर्नका निम्ति सहायता गर्नुहोस् भनी परमेश्वरसँग बिन्ती गर्नुहोस्।

## एकैसाथ निर्माण गर्नु

उद्देश्य २ *समुदायको आत्मा देखाउने विश्वासीहरूका प्रवृत्तिहरूको नाम उल्लेख गर्नुहोस्।*

जग बसालिएपछि हामी वास्तविक भवन शुरू गर्न सक्छौं। अबचाहिँ देखिने कुराको निर्माण हुन थाल्छ। हामी व्यक्तिहरूका रूपमा घरहरू मात्र होइनौं, तर हामी येशू ख्रीष्टको विश्वव्यापी एकलेसियाको अङ्ग पनि हौं– येशू ख्रीष्ट जग हुनु भएको पूर्ण बनावटमा सबै विश्वासीहरू एकैसाथ निर्माण भइराखेका छन्। "पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं आत्मिक घर बन्दैजाओ" भनी बाइबलले हामीलाई बताएको छ (१ पत्रुस २:५)। अनि एफिसी २:२०-२२-मा यी शब्दहरू पढ्छौं:

> त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुनेढुङ्गो हुनुहुन्छ। उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोड़िएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ। अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ।

हामी उही घरका ढुङ्गाहरू हौं। एक-अर्कासँग भएको हाम्रो सम्बन्धको बारेमा बाइबलले हामीलाई धेरै बताएको छ। केही एकलेसियाहरूलाई प्रेरित पावलद्वारा दिइएका केही वचन वा सल्लाह यहाँ छन्:

> सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर, शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर (एफिसी ४:२-३)।

तिमीहरूका मुखबाट कुवाक्य ननिस्किओस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस् (एफिसी ४:२९)।

एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ (एफिसी ४:३२)।

एउटाले अर्काको भार उठाओ, र यसरी ख्रीष्टको व्यवस्था पूरा गर (गलाती ६:२)।

यसकारण मौका पाएअनुसार हामी सबै मानिसहरूको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरूको, जो हाम्रो विश्वासका परिवारका हुन् (गलाती ६:१०)।

यी सबैभन्दा बढ़ी बरु प्रेम धारण गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ (कलस्सी ३:१४)।

यी पदहरूले यो स्पष्ट पारेका छन् कि विश्वासीहरूको समुदायको एक-अर्काप्रति ठूलो जिम्मेवारी छ। विश्वासीहरूका बीचमा अरू कुनै ठाउँमा भन्दा बढ़ी समुदायको आत्मा सधैं देखिनुपर्छ– सङ्गति, सहभागिता, प्रेम, सरोकार, दिने र लिने कुरा। शुरूको एकलेसियाले यस किसिमको समुदायको आत्मालाई अभ्यास गरेको थियो (प्रेरित २:४३-४७)।

जब हामी अरूहरूसँग समुदायमा निर्माण हुन्छौं, हामी *मिलनसार* हुनुपर्छ। बदलिने हुनुपर्छ भनी मैले भनेको छैन! मिलनसार व्यक्ति यस्तो व्यक्ति हो, जो अरूहरूको खाँचो पूरा गर्नको निम्ति उचित तरीकाहरूलाई अपनाउन इच्छुक हुन्छ। उदाहरणको लागि तपाईंले साक्षी दिइरहनुभएको तपाईंको साथीले आइतबार साँझ चिड़ियाघरमा उनीसँग जानको निम्ति तपाईंलाई बिन्ती गरे। आइतबार साँझ एकलेसियामा जाने तपाईंको बानी छ। यसरी तपाईं आफ्नो साथीलाई सल्लाह दिन सक्नुहुन्छ कि

तपाईं आइतबार अलि चाँड़ै उनीसँग चिड़ियाघरमा जानुहुनेछ र त्यसपछि तपाईंले उनलाई आफूसँग एकलेसिया (चर्च) घरमा पनि लैजानुहुनेछ। यसरी तपाईंले आफ्नो साथीसँग सङ्गति गरी उनलाई खुशी पार्न सक्नुहुनेछ र प्रभुमा उनलाई जित्नका लागि तपाईंलाई मौका पनि मिल्नेछ।

यदि हामी हाम्रो समुदायलाई ख्रीष्टको निम्ति जित्न चाहन्छौं भने, हामीले योजना बनाउनैपर्छ। तर हाम्रो योजनाहरू सधैं पवित्र आत्माको अगुवाइअनुसार हुनुपर्छ। यदि उहाँले हाम्रा योजनाहरूलाई परिवर्तन गर्न चाहनुहुन्छ भने, यसो गर्नका लागि उहाँलाई दिनुपर्छ।

कोरिया देशको शिओल शहरको जनसंख्या १ करोड़भन्दा बढ़ी छ। त्यहाँ भएका एकलेसियाका सदस्यहरूको संख्या हजारौंदेखि लिएर लाखौंसम्म छ। तिनीहरूका एकलेसिया भवनहरूमा यति धेरै मानिसहरू एकैचोटि अटाउन सक्दैनन्, त्यसैले मानिसहरूका आवश्यकताहरूलाई पूरा गर्नका लागि तिनीहरूले विभिन्न तरीकाहरू अपनाएका छन्।

शिओलमा सार्वजनिक सभाहरूका लागि मानिसहरू सानो-सानो झुण्डमा "नगर भेला" घरहरूमा जम्मा हुनु सामान्य कुरा नै हो। प्रत्येक क्षेत्रको आफ्नै नेता हुन्छ र ती नेताहरू आफ्नो क्षेत्रका मानिसहरूसँग एकैसाथ भेला हुन्छन्। मानिसहरूलाई सेवा पुऱ्याउने काममा एकलेसियाका पास्टरहरूले पनि त्यही तरीका अपनाएका छन्। तिनीहरू सबै एकलेसियामा आउन सक्दैनथे, यसरी एकलेसियालाई चाहिँ मानिसहरूकहाँ पुऱ्याइएको छ। तिनीहरूका आवश्यकताहरूलाई पूरा गर्नका लागि उपयुक्त तरीका त्यहाँ अपनाइएको छ।

यदि शहरको कुनै भागमा तीन जना मानिसहरू बस्छन् भने एक जनाले घरेलु सङ्गतिको निम्ति आफ्नो घर खोलिदिन्छ।

तिनीहरूले आफ्ना साथी र छिमेकीहरूलाई निमन्त्रणा गर्छन्। मानिसहरूले प्रभुलाई चिन्दा समूह पनि वृद्धि हुँदैजान्छ। त्यहाँ १२ जना भएपछि समूह विभाजित हुन्छ, अहिले त्यहाँ यस्ता हजारौं झुण्डहरू खड़ा भएका छन् र लाखौं मानिसहरूलाई सेवा पुऱ्याउँछन्।



एकलेसिया (मण्डली) भनेको चाहिँ भवन होइन तर मानिसहरू हुन् भन्ने कुरा हामी प्रायजसो बिर्सन्छौं। एकैसाथ आराधना गर्नु महत्त्वपूर्ण छ तर सबै ठाउँमा सुसमाचार पुऱ्याउनको निम्ति आवश्यक परेको खण्डमा हामीले विभिन्न अवस्थाहरूलाई पनि विचार गर्नु खाँचो छ।

**तपाईंको अभ्यासको निम्ति**

**३** अरू मानिसहरूप्रति हुनुपर्ने हाम्रा ६ प्रवृत्तिहरूको नाम उल्लेख गर्नुहोस्। ..........................................................
..........................................................................

४ तपाईंको आफ्नै जीवनमा तपाईंले अझै विकास गर्नुपर्ने यी कुनै पनि प्रवृत्तिहरूका वरिपरि घेरा लगाउनुहोस्।

५ मिलनसार हुनु भनेको

क. तपाईंको आधारभूत उद्देश्य परिवर्तन नगरी तपाईंको काम गर्ने तरीकालाई परिवर्तन गर्नु हो।

ख. तपाईंको आधारभूत उद्देश्यको साथसाथै काम गर्ने तरीकालाई परिवर्तन गर्नु हो।

६ यदि तपाईं कसैलाई प्रभुमा जित्न चाहनुहुन्छ भने तपाईं

क. सँग तिनीहरू एकलेसियामा नजाऊञ्जेलसम्म तपाईंले पर्खिनुपर्छ।

ख. जहाँ हुनु भए तापनि तिनीहरूलाई साक्षी दिने अवसर तपाईंले प्रयोग गर्नुपर्छ।

७ मिलनसार आत्माचाहिँ

क. स्वार्थी हुन्छ।

ख. निस्वार्थी हुन्छ।

## पुलहरू निर्माण गर्नु

उद्देश्य ३ *"पुलहरू निर्माण गर्नु" र "पर्खालहरू निर्माण गर्नु"-का बीचको भिन्नतालाई परिचित गर्नु।*

धेरै वर्ष पहिलेदेखि नै ढुङ्गाहरू र इँटाहरूलाई निर्माण सामग्रीहरूका रूपमा प्रयोग गरिँदैआएको छ। एकलेसियाहरू, स्कूलहरू र अस्पतालहरूलाई निर्माण गर्न प्रयोग गरिएका ढुङ्गा र इँटाहरूलाई झ्यालखान निर्माण गर्नका लागि पनि प्रयोग गरिन्छ। पुलहरू निर्माण गर्नका निम्ति प्रयोग गरिने ढुङ्गाहरूलाई

पर्खालहरू निर्माण गर्नका निम्ति पनि प्रयोग गर्न सकिन्छ। निर्माणकर्ताको योजनामा मात्र यो भिन्नता हुन्छ।

पुलहरूले मानिसहरूलाई दुवैतर्फ हिँड्न सक्ने बनाउँछन् र बीचको बाधाहरूलाई हटाइदिन्छन्। समुदायको निर्माणका ती माध्यमहरू हुन्। तिनीहरूले मानिसहरूलाई एकैसाथ ल्याउने काम गर्छन्। हाम्रो पहिलो पाठमा उल्लेख गरिएको कुरालाई याद गर्नुहोस् कि *कोइनोनियाको* आधारभूत अर्थले दुइतर्फी सम्बन्धको सम्बोधन गर्छ– दिने र लिने सम्बन्ध। ढुङ्गाहरू वा ईँटाहरूको प्रयोगविना नै पुलहरू र पर्खालहरूलाई बनाउन सकिन्छ। मित्रता देखाएर, मानिसहरूलाई सहायता गरेर, र तिनीहरूलाई हाम्रो आवश्यकता परेको बेलामा उपलब्ध भइदिएर हामी पुलहरू निर्माण गर्न सक्छौं। वा हाम्रो मित्रतालाई हटाएर र अरूहरूबाट आफैलाई टाढ़ा राखेर हामी पर्खालहरू बनाउन सक्छौं।

ख्रीष्टियानहरूले समाजका सबै स्तरहरूमा मित्रहरू बनाउने कोशिश गर्नैपर्छ। हामीले आफूलाई अरूहरूलाई भन्दा ठूला ठान्यौं भने हामीले पर्खालहरू निर्माण गरिरहेका हुन्छौं। हामीभन्दा उच्च स्तरमा हुनेहरू भनी हामीले सोचेका व्यक्तिहरूकहाँ पुग्नलाई हामीले इन्कार गर्‍यौं भने पनि हामीले पर्खाल बनाइराखेका हुन्छौं। तपाईं किसान, श्रमी, कारिन्दा, वा सरकारी कर्मचारी जो भए तापनि तपाईंको आफ्नैभन्दा बेग्लै स्तरमा तपाईंका मित्रहरू हुन सक्छन्। तब तपाईंले तिनीहरूलाई प्रभुमा जित्ने कोशिश गर्नुपर्छ। कुनै पनि व्यक्तिलाई मैले पहिले आफ्नो मित्र नबनाईकन प्रभुमा जित्न सकेको छैन।

पर्खालहरूले मानिसहरूलाई विभाजन र अलग गर्छन्। सयौं वर्ष पहिले बनाइएको र अझै खड़ा नै भएको चीनको ठूलो पर्खालको बारेमा तपाईंले सुन्नु वा पढ्नुभएको होला। कोही मानिसहरूलाई बाहिर राख्न र अरू मानिसहरूलाई पर्खालभित्र



राख्नको लागि यो निर्माण गरिएको थियो। पर्खालहरू बनाउनुचाहिँ पुलहरू बनाउनुभन्दा सुरक्षित हुन्छ। हामीले पुलहरू बनाउँदा अरूहरूबाट चोट पाउने वा इन्कार हुने मौका प्रदान गर्छौं। तर येशूले हामीसँग हुने प्रतिज्ञा गर्नुभएको छ र हामी मानिसहरूकहाँ पुग्दा उहाँले हामीहरूलाई आशिष् दिनुहुनेछ। यूहन्ना १६:३३-मा उहाँले भन्नुभएको छ, "साहस गर, मैले संसारलाई जितेको छु!" परमेश्वरले हामीलाई संसारबाट लैजानुभएको होस् भनी उहाँले प्रार्थना गर्नुभएन, तर उहाँ आफैको नजीक हामीलाई राख्न र संसारमा सुरक्षित राख्नका लागि बिन्ती गर्नुभयो (यूहन्ना १७:१५)।

हामी अरूहरूकहाँ पुग्नुभन्दा पहिले कहिलेकहीँ पर्खालहरू ढल्नुपर्छ। समाजमा विभिन्न तह वा जाति वा रङ्ग वा रीतिथितिजस्ता मानिसहरूका बीचका विभिन्नताको कारणले पनि त्यहाँ पर्खालहरू हुन्छन्। इनारको छेउमा सामरी स्त्रीलाई आफूले साक्षी दिँदा येशूले पनि केही पर्खालहरूलाई भत्काउनुपरेको थियो (यूहन्ना ४:७-९)।

हाम्रो ख्रीष्टियान समुदाय र संसारमा हाम्रो ठूलो समुदायमा पर्खालहरू वा पुलहरू निर्माण गर्ने कुराको बीचमा हामीले निरन्तररूपमा चुन्ने काम गर्नैपर्छ। के तपाईं पुलहरू बनाउँदै हुनुहुन्छ वा पर्खालहरू बनाउँदै हुनुहुन्छ? के तपाईं आफ्नो समुदायलाई प्रेमको साँचो आत्मा देखाउँदै हुनुहुन्छ? के तपाईंले

हराएकाहरूलाई पहिले आफैकहाँ जितेर अनि ख्रीष्टको निम्ति जित्नुभएको छ? तपाईंले प्रेमको सेवा प्रकट गर्नुभएपछि तपाईंको समुदायले समुदाय आत्माको साँचो अर्थ जान्न सक्नेछ।

## तपाईंको अभ्यासको निम्ति

**८** प्रत्येक बयानको अगाड़िपट्टि *पर्खाल* बनाउने काम हो भने *प* र *पुल* बनाउने काम हो भने *पु* लेख्नुहोस्।

....**क.** बिरामीको हेरचाह गर्नु।
....**ख.** कसैलाई एकलेसिया (मण्डली)-मा लैजानु।
....**ग.** तपाईंभन्दा बेग्लै किसिमका मानिसहरूले तपाईंलाई सामुदायिक परियोजनामा संलग्न गर्न खोज्दा इन्कार गर्नु।
....**घ.** बिरामी व्यक्तिको घर सफा गरिदिनु।
....**ङ.** अस्पताल वा झ्यालखानमा मानिसहरूलाई भेट्नु।
....**च.** तपाईंको स्तरमा नभएका मानिसहरूसँग घुलमिल नगर्नु।
....**छ.** सङ्गतिको निम्ति कसैलाई आफ्नो घरमा निमन्त्रणा गर्नु।
....**ज.** तपाईंको भावनालाई चोट पुऱ्याउने मानिसहरूका बारेमा खराब कुरा गर्दै हिँड्नु।

अब तपाईंले पहिला पाँच पाठहरूलाई सिध्याउनुभएको छ, र तपाईंको विद्यार्थी प्रतिवेदनको पहिलो खण्डका उत्तरहरू दिनका लागि तपाईं तयारी हुनुभएको छ। पाठहरू १-५-लाई दोहोऱ्याउनुहोस् र तपाईंको विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५ क. तपाईंको आधारभूत उद्देश्य परिवर्तन नगरी...।

१ **क**. जग।
**ख**. आज्ञापालन।
**ग**. लड्छ (ढल्छ)।
**घ**. येशू ख्रीष्ट।

६ ख. जहाँ हुनुभए तापनि तिनीहरूलाई साक्षी दिने अवसर...।

२ तपाईंको उत्तर।

७ ख. निस्वार्थी हुन्छ।

३ सम्भाविय उत्तरहरू हुन्ः भला, धैर्य, नम्रता, सहनशीलता, दया, क्षमा, करुणा, प्रेम, कोमल हृदय।

८ **क**. पुल    ङ. पुल
**ख**. पुल    **च**. पर्खाल
**ग**. पर्खाल    **छ**. पुल
**घ**. पुल    **ज**. पर्खाल

४ तपाईंको उत्तर। ठीक प्रवृत्तिहरू विकास गर्नका लागि पवित्र आत्माले तपाईंलाई सहायता गर्नुहुनेछ।